२०७६।०८।१०
४२ औं बैठक

आज मिति २०७६।०८।१० गते मंगलबारका दिन बैतेश्वर गाउँकार्यपालिकाको बैठक गाउँकार्यपालिकाका अध्यक्ष छवि लामाज्यूको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको अस्थायी सम्पर्क कार्यालय मेघेचौरमा देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति:

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री छवि लामा | अध्यक्ष | |
| २ | श्री रविचन्द्र आचार्य | उपाध्यक्ष | |
| ३ | श्री बृर्ष बहादुर तामाङ | सदस्य | |
| ४ | श्री श्याम कुमार तमाङ घिसिङ | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर दहाल | सदस्य | |
| ६ | श्री कुमार चौलागाई | सदस्य | |
| ७ | श्री माधव बहादुर वस्नेत | सदस्य | |
| ८ | श्री शम्शेर घिसिङ | सदस्य | |
| ९ | श्री रेशम राजस्वराज रिमाल | सदस्य | |
| १० | श्री रमेश कुमार अधिकारी | सदस्य | |
| ११ | श्री ठुलीकान्छी विश्वकर्मा | महिला सदस्य | ठुलीकान्छी |
| १२ | श्री चेसम तमाङ | महिला सदस्य | |
| १३ | श्री शान्ति तमाङ | महिला सदस्य | |
| १४ | श्री मान कुमारी रिमाल | महिला सदस्य | |
| १५ | श्री ढाल बहादुर जिरेल | अल्पसङ्ख्यक सदस्य | |
| १६ | श्री राजन नेपाली | दलित सदस्य | |
| १७ | श्री अर्जुन खड्का | सदस्य सचिव | |

## निर्णय नं.१:

खोप केन्द्र निर्माण सम्बन्धमा छलफल गर्दा उक्त खोप केन्द्रको निर्माण गर्न २ नं वडा कार्यालयको आसपासमा निर्माण गर्ने निर्णय गरियो।

## निर्णय नं.२:

Placetapid को निर्माण सम्बन्धमा छलफल गर्दा उक्त placentapid को निर्माण बर्थिङ सेन्टर मिर्गे नाम्दुमा निर्माण गर्ने निर्णय गरियो ।

## निर्णय नं.३:

वैतेश्वर गाउँपालिका स्थितका स्वास्थ्य चौकीहरुमा प्रयोग भएको विधुत महसुल भुक्तानी गर्न विगत वर्षहरुदेखि बाँकी रहेको वक्यौता महसुल समेत भुक्तानी गर्नको लागि आगामी बस्ने गाउँसभामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं.४:

औषधी खरिदमा छलफल गर्दा जनस्वास्थ्य तर्फको सर्शत बजेटमा औषधी खरीदमा रु ६ लाख ५० हजार बजेट उल्लेख भएकोले हालको लागि रु ५ लाख बराबरको गुणस्तरीय औषधी खरीद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं.५:

सहकारी सिंचाई साना सिंचाई मर्मत सम्भार तथा निर्माण सम्बन्धमा छलफल गर्दा तपशिल बमोजिमका सिंचाई मर्मत तथा निर्माण गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. लप्सेखोला मार्बुटार सिंचाई मर्मत वडा नं ७
२. बगर उपल्लोमुदी सिंचाई मर्मत वडा नं १
३. छोटेखोला गोपी सिंचाई मर्मत वडा नं ८
४. मजुवा भस्मेखोला सिंचाई मर्मत वडा नं ३
५. गलेन्डीबेसी सिंचाई मर्मत वडा नं २

## निर्णय नं.६:

माटो परिक्षण सम्बन्धमा छलफल गर्दा माटो परिक्षण सबै वडाहरुमा सन्तुलित रुपमा परिक्षण गराई सम्पन्न पश्चात सम्बन्धित वडाहरुमा प्रतिवेदन पठाउने निर्णय गरियो ।

## निर्णय नं.७:

यार्सा घट्टेखोला सिंचित कृषि सहकारी संस्था लि. वैतेश्वर ४ काब्रे दोलखाको योजना स्थगित गराई पाउँ भन्ने विषयमा छलफल गर्दा यार्सा मैनापोखरी नाम्दु खानेपानी योजनाले ४ नं वडाको कृषि क्षेत्रलाई प्रभावित गरी उक्त खानेपानी योजना संचालन भएको भनी निवेदन भए अनुसार नभएको कृषि क्षेत्रलाई कुनै किसिमको असर नपर्ने गरी छलफल तथा निर्णय भएको आगामी दिनमा कुनै समस्या भएमा ४ नं वडाका वडा अध्यक्षको संयोजकत्वमा समस्या पहिचान र समाधानको उपाय खोज्ने छलफल गर्ने र सम्बोदन हुने साथै उक्त योजना ठेक्का पट्टाको कार्य भइसकेकोले निर्माणको कार्यलाई अगाडी बढाउने निर्णय गरियो ।

## निर्णय नं ८:

वैतेश्वर गाउँपालिका स्थित वडा नं १ देखि वडा नं ८ सम्मका बस्तीहरुमा नेपाल विधुत प्राधिकरणबाट एच टि र एल टि लाइन तथा जडित ट्रान्सफर्मर सूरु समयमा विस्तार भएको अधिकाँश पोलहरु काठ र फलाम मिश्रित भएको हालको अवस्थामा पोलहरु जिर्ण भइ असुरक्षित विधुत सेवा उपयोग गरिरहेकोले समय समयमा विधुतिय दुर्घटना झेलि रहनु परेको छ। सुरक्षित विधुत सेवा विस्तारको लागि श्री ग्रिन सोलार इनर्जी इफिसेन्सी प्रोजेक्टलाई एच टि लाईनहरु, एलटि लाइनहरु र प्रयोग हुने तारमा एबिसि केबल प्रयोग गरी आवश्यक ट्रान्सफर्मर जडान गरी निर्माण तथा सुधार गर्न सिफारिस गरिदिन नेपाल विधुत प्राधिकरण दोलखा शाखामा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं.९:

सडक बोर्ड नियमावली २०६० बमोजिम समपूरक रकम व्यवस्था गरी प्रपोजल सडक बोर्डमा पठाउने र उक्त रकम पाँकुखोला मजुवा बगर सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।

## निर्णय नं.१०:

सडक मर्मत गर्ने सम्बन्धमा छलफल गर्दा तपशिलका सडकलाई मर्मत गर्न कन्टेन्जेन्सी को रकमबाट खर्च व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. मैनापोखरी क्षेत्रपा सडक रु. २ लाख

२. नाम्दु पाँडु सडक रु. ३ लाख

३. पात्ले सडक वडा नं ३ पहिरो नियन्त्रण रु. ५० हजार

## निर्णय नं.११:

नविकरण उर्जा सम्बन्धमा छलफल गर्दा नविकरण उर्जा शिर्षकमा शर्शत अनुदानमा प्राप्त हुने रकम रु १५ लाख ८३ हजार बराबरको रकमबाट सडक बत्तीको व्यवस्थापन गर्न खर्च गर्ने साथै उक्त सडक बत्ति तपशिलको स्थानमा राख्ने निर्णय गरियो ।

तपशिल:

१. वडा नं ६ बाहेक ७ वटा वडा कार्यालयमा राख्ने

२. मैनापोखरी बजारमा २ वटा

३. गाउँपालिकाको कार्यालय पाँडुडाडामा ३ वटा

## निर्णय नं.१२ :

आन्तरीक मामिला तथा कानून मन्त्रालय प्रदेश नं ३ हेटौडाको च नं ८४६ मिति २०७६/०८/०४ को पत्रको सम्बन्धमा छलफल गर्दा सडक बत्ती व्यवस्थापन गर्न समपूरक कोषमा कार्यालयको तर्फबाट रु ८ लाख उपलब्ध गराई स्थानिय तहमा सुरक्षा साझेदारी गर्न प्रस्ताव तयार गरी पठाउने निर्णय गरियो ।

## निर्णय नं.१३:

विधालय स्तरीय खेलकुद कार्यक्रम संचालन गर्न प्रत्येक वडाका माविलाई रु १ लाखका दरले अनुदानको रकम व्यवस्था गरिएको र मावि अनुदान रु २ लाख आवि अनुदान रु १ लाख ५० हजार र प्रावि अनुदान रु १ लाख सबै विधालयहरुमा उल्लेखित अनुदान निकासा गर्ने र सम्बन्धित विधालयले उक्त शिर्षकमा खर्च गर्दा सार्वजनिक खरिद ऐन नियम अनुसार खर्च गरी लेखा परीक्षण गर्ने समेतको जिम्मेवारी सम्बन्धित विधालयलाई दिने गरी निर्णय गरियो ।

## निर्णय नं.१४:

विधालयहरुको लेखा परीक्षण गर्ने सम्बन्धमा छलफल गर्दा लेखा परीक्षकको सूचि तयार गर्ने सूचना प्रकाशन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो ।

## निर्णय नं.१५:

सुइटर सिलाइ बुनाइ गर्न विनियोजित बजेटबाट रु.५ लाखको सिलाई मेसिन खरिद गर्ने र सिलाइ बुनाईको तालिम तपशिलको स्थानमा संचालन गर्ने निर्णय गरियो ।

१. वडा नं १ गैरीमुदी

२. वडा नं ७ को वडा कार्यालयमा

## निर्णय नं.१६

कृषि क्षेत्रमा सुधार गर्न cadila कृषि फर्म गुजरात भारतका विज्ञहरुलाई यस वैतेश्वर गाउँपालिका आउन निमन्त्रणा दिने र यसमा लजिङ फुडिङको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरीयो ।

## निर्णय नं.१७:

झोलुङ्गे पूलको निर्माण तथा मर्मत गर्न गै.स.स को आवश्यक पर्ने हुँदा सोको सूचना प्रकाशन गर्ने निर्णय गरीयो ।

## निर्णय नं.१८:

महिला बालबालिका लक्षित कार्यक्रम अन्तर्गत बाल उधान कर्कले गुफा क्षेत्रमा निर्माण गर्ने सो शिर्षकमा विनियोजित रकम रु.१५ लाख मध्ये रु. ३ लाखको DPR र रु.१२ लाखको भौतिक संरचना निर्माण गर्ने निर्णय गरीयो ।

## निर्णय नं.१९:

भवन अभिलेखिकरणका सम्बन्धमा छलफल हुदाँ पेश गरिएको कार्यविधि स्वीकृत गरी कार्यविधिमा समावेश गरिएको ढाँचा अनुसार अभिलेखिकरण गर्ने निर्णय गरीयो ।

## निर्णय नं.२०:

प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको आ व २०७६/०७७ को घाटा बजेट सम्बन्धमा छलफल गर्दा वैतेश्वर गाउँपालिकाका उपाध्यक्ष रविचन्द्र आचार्यको संयोजकत्वमा तपशिलका कर्मचारीहरु सदस्य रहने गरी घाटा बजेट व्यवस्थापन गरी बजेट संशोधन गर्न प्रस्ताव कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**तपशिल:**

१. प्रमुख प्रशासकीय अधिकृत

२. लेखा प्रमुख

## निर्णय नं.२१:

विपत व्यवस्थापन अन्तर्गत विभिन्न जोखिममा रहेका जनतालाई कन्टेन्जेन्सी रकम बाट खर्च लेख्ने गरी बढीमा रु १० हजार सम्म वडा अध्यक्षको सिफारिसमा गाउँपालिका अध्यक्षको स्वीकृतमा बढीमा रु १० हजार सम्म भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं.२२:

आगामी २०७६ साल पौष २ गते बुधबार बिहान १० बजे गाउँपालिकाको सभाहलमा गाउँसभा बोलाउने निर्णय गरीयो ।